**Bharatpur Pragya : Journal of Multidisciplinary Studies**
[A Peer-Reviewed, Open Access Journal]
ISSN : 2990-773X (Print); ISSN : 2990-7748 (Online)
Published by Bharatpur Academy, Chitwan, Nepal
https://www.bharatpurmun.gov.np

# *द्रौपदी अवशेष* उपन्यासमा सांस्कृतिकता

शंकरप्रसाद गैरे (विद्यावारिधि)
नेपाली विभाग, त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा

***Article History :*** *Submitted 10, Nov. 2023.; Reviewed: 8, Jan. 2024; Revised : 3, Feb. 2024*
***Corresponding Author :*** *Shankar Prasad Gaire* ***E-mail :*** *gaireshankar2012@gmail.com*
***DOI :*** *https://doi.org/10.3126/bpjms.v2i01.65916*

**सारसङ्क्षेप**

*प्रस्तुत समीक्षात्मक लेखमा नीलम कार्की निहारिकाद्वारा लेखिएको द्रौपदी अवशेष उपन्यासको विश्लेषणात्मक अध्ययन गरिएको छ । नेपाली आख्यान साहित्यमा विशिष्ट पहिचान बनाएकी कार्कीको प्रस्तुत उपन्यासलाई सांस्कृति उपन्यास मानिएको पाइन्छ । संस्कृति मानव समाजको जन्मदेखि मृत्युपर्यन्त हरेक समयमा उनीहरूले आफ्नो परिचयलाई झल्काउनेगरी गर्ने स्थानिक, जातिविशेष, लिङ्गविशेष, पेसाविशेष वा यस्तै विशिष्ट पहिचान झल्काउने चलन हो । साहित्यिक कृतिहरूले जीवनजगतका अन्य विभिन्न विषय अवस्थाका साथै त्यस कृतिले प्रस्तुत गरेको पात्रविशेषका स्थानको चालचलन, रीतिरिवाज, संस्कार आदिलाई पनि प्रस्तुत गर्ने हुनाले साहित्यको अध्ययन गर्ने क्रममा त्यसको संस्कृतिपक्षको पनि अध्ययन हुनुपर्ने मान्यता पछिल्लो समयमा विकसित भएको देखिन्छ । त्यस प्रकारको मान्यतामा आधारित सिद्धान्तलाई उत्तरआधुनिक समालोचनाले सांस्कृतिक समालोचनाका रूपमा विकसित गरेको पाइन्छ, जसले साहित्यिक कृतिमा अभिव्यक्त संस्कृतिको अध्ययन गर्दछ । नीलम कार्की निहारिकाले आफ्नो चौथो उपन्यास द्रौपदी अवशेषमा नेपालको हुम्ला जिल्लाको एउटा गाउँमा मूलतः बहुपति प्रथाको रूपमा रहेको संस्कृतिलाई विषय बनाएर त्यसलाई नै प्रस्तुत गर्ने मुख्य उद्देश्यका साथ यो उपन्यासको निर्माण गरेको देखिन्छ । मूलतः वैवाहिक सन्दर्भको संस्कृतिलाई प्रस्तुत गर्ने उद्देश्यले लेखिएको भए पनि वैवाहिक जीवनसँग जोडिएका र कतिपय नजोडिएका अन्य सांस्कृतिक पक्षहरूलाई पनि उठाएको देखिन्छ । प्रस्तुत उपन्यास सांस्कृतिक विषयको उठानका दृष्टिले महत्त्वपूर्ण रहेको हुँदा उपन्यायमा संस्कृतिको पक्षलाई केकसरी उठाइएको छ? भन्ने समस्यामूलक प्रश्नमा केन्द्रित रहेर द्वितीय स्रोत सामग्रीको प्रयोग गरेर गुणात्मक अध्ययन अन्तर्गत विश्लेषणात्मक विधिको प्रयोग गरी कृतिको विश्लेषण गरिएको छ । उपन्यासमा प्रस्तुत भएका सांस्कृतिक विषयका विभिन्न पक्षलाई सूक्ष्म रूपले अध्ययन गरी प्रस्तुत उपन्यास सांस्कृतिक उपन्यासको रूपमा महत्त्वपूर्ण रहेको निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी** : खाताह, टसी लु, ठालुक, न्येलु, फो, रङलु, सुर्मु ।

## विषयपरिचय

*द्रौपदी अवशेष* उपन्यास नीलम कार्की निहारिको २०७८ सालमा प्रकाशित उपन्यास हो । २०५१ सालमा *मौन जीवन* उपन्यास लेखेर उपन्यासकारको रूपमा देखापरेकी कार्की २०३१ सालमा पाल्पामा जन्मिएकी हुन् । विद्यावारिधिसम्मको औपचारिक अध्ययन गरेकी कार्कीले उपन्यासका साथै कथा र कविताआदि विधामा कलम चलाएको पाइन्छ । उनको मुख्य साहित्यिक परिचय भने उपन्यासकार र कथाकारको रूपमा छ । २०७० सालमा प्रकाशित उनको *अर्की आइमाई* उपन्यासले कार्कीलाई उपन्यासकारको रूपमा विशेष परिचय दिएको पाइन्छ भने क्रमशः *चीरहरण* (२०७२), *योगमाया* (२०७४) उपन्यासले नेपाली उपन्यासको क्षेत्रमा विशिष्ट पहिचान दिनुका साथै शक्तिशाली उपन्यासकारको रूपमा स्थापित गरेको

*Copyright 2024© the Author(s)*

पाइन्छ । मूलतः नारीवादी दृष्टिकोणलाई अवलम्बन गर्ने कार्कीका उपन्यासमा डायस्पोरा, अभिघात, मिथकीय प्रयोग जस्ता अनेक विशिष्टता पाइन्छ भने उनको पछिल्लो उपन्यास *द्रौपदी अवशेष* मूलतः सांस्कृतिक पक्षलाई केन्द्रमा राखेर लेखिएको देखिन्छ ।

मूलतः नेपालको हिमाली जिल्ला हुम्लामा प्रचलनमा रहेको वैवाहिक संस्कृतिलाई प्रस्तुत गर्ने उद्देश्यले लेखिएको *द्रौपदी अवशेष* उपन्यासमा अन्य कतिपय सांस्कृतिक पक्षहरूको समेत प्रस्तुति रहेको पाइन्छ । सांस्कृतिक पक्ष नै महत्त्वपूर्ण रहेको भए पनि उपन्यासका विषयमा परिचयात्मक टिप्पणीमूलक लेखहरू लेखिएको पाइए पनि हालसम्म सांस्कृतिकताका आधारमा सूक्ष्म अध्ययन विश्लेषण भएको पाइँदैन, तसर्थ प्रस्तुत लेखमा *द्रौपदी अवशेष* उपन्यासलाई सांस्कृतिक सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । यस क्रममा अध्ययनलाई व्यवस्थित तुल्याउन विभिन्न शीर्षक उपशीर्षकमा विभक्त गरिएको छ । सांस्कृतिकताको सैद्धान्तिक अवधारणा प्रस्तुत गर्नुका साथै विश्लेषणलाई उपन्यासमा प्रस्तुत भएका सांस्कृतिक पक्षको विशिष्टताका आधारमा 'विवाहसम्बन्धी सांस्कृतिकता' शीर्षकअन्तर्गत 'विवाहका प्रकार' उपशीर्षकमा 'मागी विवाह', 'प्रेम विवाह', 'जारी तिरी गर्ने र अन्य विवाह' तथा 'भागी विवाह'लाई शीर्षकीकरण गरी अध्ययन गरिएको छ । बहुपतिप्रथामा सन्तानको पहिचानसम्बन्धी समाजले निर्धारण गरेको व्यवस्था र अन्य कतिपय संस्कृतिलाई अलग शीर्षकमा विभक्त गरी अध्ययन गरिएको छ । उपन्यासमा यिनै विषयलाई प्रस्तुत गरिएको र त्यसले हुम्लाको सांस्कृतिक पक्षलाई उजागर गरेको विषयमा लेख केन्द्रित रहेको छ ।

**समस्या र उद्देश्य**

यो लेख *द्रौपदी अवशेष* उपन्यासको अध्ययनमा केन्द्रित रहेको छ । प्रस्तुत उपन्यास संस्कृतिक अध्ययनका दृष्टिकोणले महत्त्वपूर्ण रहेको भए पनि हालसम्म यस दृष्टिकोणबाट सूक्ष्म अध्ययन नभएकाले उपन्यासमा सांस्कृति पक्षको केकस्तो प्रस्तुति पाइन्छ भन्ने मुख्य समस्यामूलक प्रश्नमा केन्द्रित रहेर अध्ययनलाई अगाडि बढाइएको छ । यस लेखमा *द्रौपदी अवशेष* उपन्यासलाई सांस्कृतिक सिद्धान्तका आधारमा विश्लेषण गर्ने उद्देश्य राखिएको छ ।

**अध्ययन विधि**

प्रस्तुत लेखमा *द्रौपदी अवशेष* उपन्यासको विश्लेषणात्मक अध्ययन गरिएको छ । उपन्यास सांस्कृतिक विषयको प्रस्तुतिका दृष्टिले महत्त्वपूर्ण रहेको छ; त्यसकारण यस लेखमा सांस्कृतिक अध्ययनको सिद्धान्तका सापेक्षमा निर्धारित उपन्यासको विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनलाई सम्पन्न गर्ने क्रममा प्रथम स्रोत सामग्रीका रूपमा नीलम कार्की निहारिकाद्वारा लेखिएको द्रौपदी अवशेष उपन्यासलाई चयन गरिएको छ भने सैद्धान्तिक अध्ययनका निम्ति पुस्तकालयीय स्रोतअन्तर्गतका द्वितीय स्रोतसामग्रीको प्रयोग गरिएको छ । विश्लेषणात्मक विधिको प्रयोग गरी अध्ययनलाई सम्पन्न गरिएको छ ।

**सांस्कृतिक अध्ययनको सैद्धान्तिक पर्याधार**

सांस्कृतिक अध्ययनलाई अंग्रेजीमा कल्चरर स्टडिज भनिन्छ । उत्तरआधुनिक बहुलवादी साहित्य समालोचनाअन्तर्गतको सांस्कृतिक अध्ययन महत्त्वपूर्ण मानिन्छ । साहित्य सिर्जना जुन ठाउँ वा परिवेशमा उभिएर गरिएको हुन्छ त्यस ठाउँ वा भूगोलको समुदाय वा समाजको आफ्नै खालको मौलिक संस्कृति हुन्छ । साहित्यिक कृतिलाई कालजयी वा जीवन्त तुल्याउने कार्यमा सांस्कृतिक पक्षको समेत विशेष मूल्य र महत्त्व रहने हुनाले स्रष्टाले आफ्ना रचनामा प्रत्यक्ष परोक्ष रूपमा संस्कृतिलाई भित्र्याएका हुन्छन् । त्यसकारण कृतिको अध्ययन तथा मूल्यनिरूपणका सन्दर्भमा त्यसको सांस्कृतिक पक्षको अध्ययन

महत्त्वपूर्ण हुन्छ । सांस्कृतिक सिद्धान्तको प्रतिपादन रिएन एस्लरद्वारा गरिएको मानिन्छ (शर्मा, २०७८, पृ. १९३) । यही मान्यता साहित्य समालोचनाका क्षेत्रमा पछिल्लो समयमा विकसित भएको एउटा महत्त्वपूर्ण सिद्धान्त वा दृष्टिकोणका रूपमा सांस्कृतिक अध्ययन देखापरेको छ र अर्कोतर्फ कुनै पनि समाजको, कुनै निश्चित समयमा प्रचलनमा रहेका सांस्कृतिक पक्षको अध्ययनका निम्ति पनि साहित्यिक कृतिको अध्ययन महत्त्वपूर्ण हुन जान्छ । यसअन्तर्गत कृतिमा प्रयुक्त संस्कृतिको विलय, संस्कृतिको अन्तर्मिश्रण, संक्रमण, संस्कृतिको रूपान्तरण, स्वसंस्कृतिको रक्षा जस्ता विषयको खोजी गरिने हुनाले (गौतम, २०६७, पृ. ३९०) सांस्कृतिक पहिचानका लागि साहित्यिक कृतिहरू महत्त्वपूर्ण देखिन्छन् । कुनै समाजमा हिँजोका दिनमा कस्तो संस्कृति प्रचलनमा थियो वा आजका दिनमा कुनै समाजमा कस्तो संस्कृति प्रचलनमा छ भन्ने कुराको अध्ययनका दृष्टिले पनि साहित्यिक कृतिहरूको अध्ययन गर्न सकिन्छ । “संस्कृति स्थीर अचल नभई नित्य परिवर्तनशील हुन्छ” (शर्मा, २०७८, पृ. १९३) त्यसकारण एक समाजमा हिँजो र आजको संस्कृतिमा केकस्तो भिन्नता छ र त्यसको परिवर्तन कुन कारण र कसरी भयो भन्ने कुराको अध्ययन पनि यसअन्तर्गत गर्न सकिन्छ ।

संस्कृतिको मुख्य सम्बन्ध मानवसमाजसँग रहन्छ । मानवसमाजले नै संस्कृति निर्माण गर्छ र आवश्यकताअनुसार त्यसमा परिमार्जन गर्दै विकसित गर्छ । त्यसकारण संस्कृतिलाई त्यति नै पुरानो मानिएको छ जति पुरानो मानव सभ्यता रहेको छ (प्रसाद, सन् २०००, पृ. १) । संस्कृतिको इतिहास पुरानो रहेको पाइन्छ भने प्राचीन कालदेखि नै साहित्यिक कृतिहरूमा कुनै न कुनै रूपमा संस्कृतिको उपस्थिति पाइन्छ । परन्तु साहित्य समीक्षाका क्षेत्रमा म्याथ्यु आर्नोल्डले उन्नाइसौँ शताब्दीको पूर्वाद्धमा साहित्यिक कृतिलाई सांस्कृतिक समालोचनाको माध्यमबाट अध्ययन गर्ने परिपाटीको आरम्भ गरेको देखिन्छ (उप्रेती, २०७८, पृ. १७) । आर्नोल्डले सांस्कृतिक विभाजनका निम्ति प्रयोग गरेको दृष्टिकोण उच्च संस्कृति र लोकप्रिय संस्कृतिलाई अस्वीकार गर्दै विकसित भएको सांस्कृतिक अध्ययनलाई नै यसको मूल उठानविन्दु मानिने हुनाले बीसौँ शताब्दीको पचासतिरबाट मात्र यसको आरम्भ भएको मानिन्छ (सुवेदी, २०७६, पृ. १२५) । बेलायतबाट प्रारम्भ भएको सांस्कृतिक अध्ययनले हाल विश्वसाहित्यमा आफ्नो प्रभाव पारेको देखिन्छ । ब्रिटेनबाट आरम्भ भएको सांस्कृतिक अध्ययनले छोटो समयमै अमेरिका, अष्ट्रेलिया, भारत, दक्षिणकोरिया, जापान, ताइवान लगायतका देशहरूका विश्वविद्यालयहरूमा महत्त्वपूर्ण विषयका रूपमा प्रवेश पाएको देखिन्छ (सुवेदी, २०७६, पृ. १२५) । सांस्कृतिक विषयको अध्ययन चर्चा र बहस अघिदेखि नै हुँदै आएको भए पनि पछिल्लो समयमा विशेषतः उत्तरआधुनिक समालोचनाका क्षेत्रमा जुन सांस्कृतिक अध्ययनको विषय उठान गरिन्छ त्यसको स्थापना बर्मिङ्घम विश्वविद्यालयमा सन् १९६४ मा स्नातक अध्ययनको अनुसन्धान केन्द्रका रूपमा रिचर्ड होगार्डको निर्देशनमा भएको मानिन्छ (सुवेदी, २०७६, पृ. १२७) । होगार्डले नै सांस्कृतिक अध्ययनलाई साहित्यसँग जोड्नुपर्ने धारणा प्रस्तुत गरेको देखिन्छ । संस्कृतिको महत्त्वलाई दर्शाउँदै प्रसादले संस्कृतिद्वारा नै मान्छेले हरेक काल-समयमा प्रगति गर्दै गएको छ र संस्कृतिका माध्यमले नै मान्छेले आफूलाई पशुबाट पृथक गरेर जीवहरूमा विशिष्ट स्थान अर्जित गरेको छ भन्ने भाव व्यक्त गरेको पाइन्छ । (प्रसाद, सन् २०००, पृ. १) । यसप्रकार संस्कृति मानवसभ्यताको जग हो र यो नै मानवसभ्यताको महत्त्वपूर्ण पक्ष हो भन्ने देखिन आउँछ ।

संस्कृति र कल्चर शब्दले अर्थगत अनेकतालाई सम्बोधन गरेको देखिन्छ । रेमण्ड विलियम्सले यसले बालीनाली, पुनर्जागरणकालमा उद्बोधन, नेतृत्वशास्त्रीहरूले शक्ति र सभ्यता, मार्गरेट मीडका अनुसार ज्ञान र शैक्षिक संस्कार, क्लिफोर्ड गर्जले संस्कृतिको स्थानिक अर्थ हुने मानेका छन् । मिसेल फुकोले उल्टो संकथन मानेका छन् । यसरी संस्कृति अर्थात् कल्चरका अर्थगत विविधता देखिए पनि आज साहित्यिक चिन्तनका क्षेत्रमा सांस्कृतिक अध्ययनको जुन सिद्धान्त स्थापित भएको छ त्यो मूलतः १९६४ को वर्मिङ्घम विश्वविद्यालयको विचारविमर्शको प्रतिफल नै हो भन्ने मानिन्छ (सुवेदी, २०७६, पृ. १२९) । “सांस्कृतिक अध्ययनको सम्बन्ध उदार मार्क्सवाद तथा सबाल्टर्नसँग भए पनि यसलाई केही खुला रूपमा हेरिनु पर्ने देखिन्छ” (सुवेदी, २०७६, पृ. १३३) । यसबाट संस्कृतिको क्षेत्र विशाल रहेको प्रतीत हुन्छ । यसलाई विभिन्न विषयक्षेत्रसँग जोड्ने

गरेको पाइन्छ । तल्लो र माथिल्लो संस्कृतिको विभेद नमान्ने सांस्कृतिक अध्ययनले सीमान्तकृत र समाजको तल्लो वर्गका मानिसहरूका चलन र जीवन अनि मान्यतालाई प्रतिष्ठा दिन्छ । "यसले नारी समलिङ्गी, जातीय उत्पीडनमा परेका मानिस, अश्वेत, अल्पसंख्यक र अरु अल्पमतमा परेका मानिस र तिनका वर्गको अध्ययन गर्नुपर्ने आवश्यकता देखाउँछ" (सुवेदी, २०७६, पृ. १३६) । व्यक्तिको प्रतिभा र मनको संस्कारलाई महत्त्व दिन्छ । साहित्यिक कृतिलाई सांस्कृतिक सिद्धान्तका दृष्टिकोणबाट अध्ययन गर्ने अध्येताले कृतिले प्रतिनिधित्व गर्ने मूल्य अवशेषमुखी, प्रभुत्वमुखी वा भवितामुखीमध्ये कस्तो छ ? कृति नारी सीमान्तकृत, समलिङ्गी, हैकमवादी माथिल्लो वा तल्लोवर्गमध्ये कसका निमित्त बोल्छ ? कृति कुन संस्कृति र भाषाका निम्ति बोल्छ ? जस्ता पक्षमा केन्द्रित रहेर कृतिको अध्ययन गरिनुपर्ने सुवेदीको मान्यता रहेको पाइन्छ (सुवेदी, २०७६, पृ. १३३) । एक समयमा संस्कृति सभ्यतासँग सम्बन्धित रहने गरेको र सभ्यता सभ्यसमाजसँग सम्बन्धित रहने गरेकाले संस्कृति सामन्त वर्गसँग जोडिएको देखिने गरेको भए पनि यसको सम्बन्ध हरेक वर्गसँग हुन्छ भन्ने स्पष्ट हुन्छ ।

संस्कृति आफैमा नवीन विषय होइन तर पनि नवइतिहासवादी चिन्तनको आरम्भसँगै सीमान्तवर्गमा केन्द्रित अध्ययन पद्धतिले सांस्कृतिक अध्ययनको विषयलाई नवीन महत्त्वका साथ अगाडि ल्याएको मानिन्छ । किनारीकृत सबै प्रकारका संस्कृतिको स्थान, मान्यता, खोज र स्थापना जस्ता पक्षमा आधारित भएर गरिने सांस्कृतिक अध्ययनको थालनी बीसौँ शताब्दीका उत्तरार्द्धमा आएर भएको मानिन्छ (पौड्याल, २०७०, पृ. १४५) । यही मूल्यमान्यतामा केन्द्रित रहेर लेखिएका साहित्यिक कृतिविशेष उत्तरआधुनिक सांस्कृतिक लेखनमा पर्दछन् । पिछडिएको भूगोल, वर्ग, समुदायका विषयमा भएका लेखनमा उनीहरूका रहनसहन, जीविकोपार्जनका पद्धति, रीतिरिवाज, चाडपर्व, मूल्यमान्यता आदिको समेत चित्रण पाइन्छ । त्यही पक्षमा केन्द्रित रहेर गरिने समालोचना कृतिको सांस्कृतिक समालोचना मानिन्छ । पछिल्लो समयमा भूमण्डलीकरणको तीव्र प्रक्रियाले स्वाभाविक रूपमा स्थानीय संस्कृतिहरू संक्रमणमा परेका छन् । तिनमा अन्य संस्कृतिको प्रभाव परिरहेको छ (भट्टराई, २०७१, पृ. ८१) । सांस्कृतिक अध्ययनको तात्पर्यलाई मानवका हकमा मात्र ग्रहण गर्ने प्रचलन भए पनि मूलतः प्रकृति जगतका समग्र वस्तुहरूको वनस्पति, जीव र मानवस्वभावको आचरणमा रहेको प्राकृतिक गुण स्वभाव संस्कृति हो (सुवेदी, २०७३, पृ. २०१) । यसप्रकार सांस्कृतिक समालोचनाले कृतिका विविध पक्षलाई अध्ययन गर्ने भए पनि प्रस्तुत समालोचना कृतिले प्रस्तुत गरेको परम्परागत सांस्कृतिक प्रचलन, मूल्यमान्यतालाई विश्लेषणको विषय बनाएको छ ।

### ***द्रौपदी अवशेष*** **उपन्यासको विश्लेषण**

नीलम कार्की निहारिकाको उपन्यास *द्रौपदी अवशेष* सांस्कृतिक विषयलाई प्रस्तुत गरिएको उपन्यास हो । प्रस्तुत उपन्यासको शीर्षकले नै त्यसतर्फ सङ्केत गरेको पाइन्छ । महाभारतकालकी चर्चित पात्र द्रौपदीले सासुका वचनको पालना गर्ने क्रममा पाँच भाइ पाण्डवकी पत्नी भएर बहुपति स्वीकार गरेको चर्चित प्रसङ्ग अहिले पनि नेपालमा अवशेषको रूपमा विद्यमान रहेको कुरालाई लक्षित गरेको उपन्यासले नेपालको हिमाली जिल्ला हुम्लाको उत्तरी भेगमा विद्यमान रहेको बहुपति प्रथालाई केन्द्रीय कथ्यका रूपमा प्रस्तुत गरेको पाइन्छ । यसैसँग जोडिएर आउने अनेक व्यवस्था, मान्यताहरूलाई उपन्यासमा प्रस्तुत गरिएको पाइन्छ । उक्त क्षेत्रको विवाह गर्ने प्रक्रिया, विवाहपछि आफ्ना एकाधिक पतिहरूसँग पत्नीको सम्बन्ध, जन्मिएको सन्तानलाई बाबुको परिचय दिने आधार, भागेर विवाह गर्नु, अर्काकी श्रीमती भगाउनुका साथै बाबुको परिचयविनाका सन्तानलाई हेर्ने सामाजिक व्यवस्था लगायतका विषयवस्तुहरू उपन्यासमा प्रस्तुत भएका छन् । बहुपतिप्रथालाई कायम राख्नुका पछाडि समाजले बोकेको मान्यता, कमाउन घरबाट बाहिर बसेर लामो समयसम्म काम गर्ने परम्परा र संस्कृतिलाई उपन्यासमा महत्त्वका साथ प्रस्तुत गरिएको पाइन्छ। *नेपाली बृहत् शब्दकोश*ले संस्कृति शब्दका चार अर्थ लगाएको पाइन्छ। जसमध्येको तेस्रो अर्थ "धेरै समयदेखि देशकालसापेक्ष भई आन्तरिक, वैचारिक तथा परम्परागत धारणाका रूपमा विकसित हुँदै आएको र आचार विचार रहनसहन आदिका माध्यमले कुनै राष्ट्र, समाज, जाति आदिको स्वरूप खुट्टिने यावत् मान्यता,

भावना, चिन्तनमनन, भौतिक अभिव्यक्तिहरूसमेतको समूह वा साधन" (२०६७, पृ. १२०९) भन्ने अर्थ दिएको पाइन्छ। यही अर्थका सापेक्षमा प्रस्तुत उपन्यासमा हुम्ला जिल्लाको उत्तरी गाउँमा प्रचलित रहेको मूल्यमान्यता संस्कृतिका रूपमा विकसित देखिन्छ। बाहिरबाट विकासे योजना लिएर त्यस ठाउँमा पुगेको दिग्विजयलाई कार्यालयले नै सहयोगीका रूपमा वाङ्दी नामक युवकलाई नियुक्त गरेको हुन्छ; तापनि उसको अधिक निकटता र आत्मीयता ग्याल्जनसँग हुन्छ र ग्याल्जनले माया गर्ने तर अरुसँगै विवाह गरेकी पेमासँग समेत नजिक हुँदै गएपछि प्रसङ्गले प्रस्तुत भएका त्यस क्षेत्रका संस्कृति, परम्परा, संस्कार, मान्यता सामाजिक रीति आदि नै उपन्यासमा सांस्कृतिक विषयका रूपमा प्रस्तुत भएको पाइन्छ। प्रस्तुत उपन्यासमा अभिव्यक्त उत्तरी हुम्लाको परम्परागत सांस्कृतिक प्रचलनलाई यहाँ शीर्षकीकरण गरी प्रस्तुत गरिएको छ।

**उपन्यासमा अभिव्यक्त विवाहसम्बन्धी सांस्कृतिकता**

*द्रौपदी अवशेष* उपन्यासमा उत्तरी हुम्लामा प्रचलित विभिन्न संस्कृतिलाई औपन्यासिक कथ्यका रूपमा प्रस्तुत गरिएको पाइन्छ। जसमध्ये त्यस क्षेत्रमा प्रचलनमा रहेको वैवाहिक व्यवस्था मुख्य देखिन्छ। त्यस क्षेत्रमा विवाहका विभिन्न स्वरूपहरू रहेका पाइन्छन् । तीमध्ये एक आमाका धेरै भाइ छोराले एउटी युवतीलाई संयुक्त पत्नी स्वीकार गर्ने प्रचलन महत्त्वपूर्ण देखिन्छ। उपन्यासको शीर्षकले पनि उपन्यासकारको प्रमुख उद्देश्य बहुपति प्रथालाई प्रस्तुत गर्नु हो भन्ने कुरालाई लक्षित गरेको पाइन्छ। उपन्यासमा विवाहसम्बन्धी संस्कार तथा प्रचलनका कतिपय सन्दर्भहरूलाई औपन्यासिक घटनाक्रमका माध्यमबाट प्रस्तुत गरिएको पाइन्छ भने कतिपय परम्परा, पद्धति मूल्यमान्यताका विषयमा दिग्विजयको जिज्ञासाका उत्तर दिने क्रममा ग्याल्जनले र केही ठाउँमा वाङ्दीले बताएको पाइन्छ। एउटी नारीले एउटी आमाबाट जन्मिएका सबै भाइलाई पति स्वीकार गर्ने र गर्नुपर्ने सामाजिक मान्यता र परम्परा रहेको उत्तरी हुम्लामा बहुपति प्रथा अवलम्बन गर्नुका पछाडि समाजले देखेका सकारात्मक पक्ष वा फाइदा तथा व्यवहारमा देखिएका नकारात्मक पाटाहरूलाई समेत उपन्यासमा प्रस्तुत गरेको पाइन्छ।

उपन्यासले स्थलगत परिवेशका रूपमा चयन गरेको उत्तरी हुम्लामा युगौँदेखि एक आमाका जति छोरा भए पनि सबैले एउटी युवतीलाई नै पत्नीका रूपमा स्वीकार गर्ने परम्परा रहिआएको देखिन्छ। यस्तो परम्परालाई उनीहरू पारिवारिक रूपमा हुने बलियो सम्बन्धका रूपमा स्वीकार गर्दछन् । समाजका कतिपय मूल्यमान्यताहरूमा नारीको निर्णय (विशेषतः घरकी मुख्य महिला/आमा) चल्ने हुनाले त्यस क्षेत्रमा मातृसत्तात्मक अर्थात् नारीप्रधान व्यवस्था समेत रहेको सङ्केत उपन्यासमा गरिएको पाइन्छ। अन्य नेपाली समाजमा जस्तो त्यस क्षेत्रमा पनि हरेक लोग्नेमान्छेले छुट्टाछुट्टै विवाह नगरेर सबै दाजुभाइले एउटी नारीलाई नै पत्नी स्वीकार गर्नुको मुख्य कारण पारिवारिक एकत्व हुने र सम्पत्ति वितरण हुनबाट जोगिने उपाय रहेको त्यस समाजको दृष्टिकोण देखिन्छ। सबै भाइले अलगअलग विवाह गरेमा आआफ्नो सम्पत्ति, जग्गाजमिन लिएर अलग हुने र त्यही जग्गामा छुट्टाछुट्टै घर बनाउने अवस्था सिर्जना हुन सक्ने सम्भावनालाई सङ्केत गरेको पाइन्छ। यसरी पारिवारिक खण्डीकरणले खेतीयोग्य जमिन कम हुँदै जाँदा मान्छेसँग जमिन नरहने अवस्था सिर्जना हुन सक्ने सामाजिक मान्यता देखिन्छ। यसरी सम्पत्तिको विखण्डन रोक्नकै लागि बहुपतिप्रथा आवश्यक रहने त्यस समाजको तर्क देखिन्छ। उपन्यासमा त्यस क्षेत्रका सांस्कृतिक पक्षहरू मूलतः दिग्विजयको जिज्ञासामा विभिन्न पात्रले दिएको जवाफका रूपमा प्रस्तुत भएको देखिन्छ। दिग्विजयले एउटा लोग्नेको एउटी स्वास्नी वा एउटी स्वास्नीको एउटा लोग्ने देख्दा कस्तो लाग्छ आमै भनी एक वृद्धालाई प्रश्न गर्दा उनी भन्छिन् :

> उहिलेदेखि एउटाले एउटी-एउटी ब्या गऱ्यापछि तिनका सन्तान कति हुन्याछ ? पर उवा हुर्किँदै गरेको खेततर्फ इसारा गरेर फेरि भनिन् त्यहाँ खेत बाली होइन, यस्तै घरैघर हुन्या थियो। अनि कहाँ रोप्न्या, कहाँ उब्जाउन्या, के खान्या, ती बढेका मुखले ? (कार्की, २०७८, पृ. ५७)

उपर्युक्त बुढी आमैका भनाइले बहुपति प्रथा आफैमा एकप्रकारको नियोजन हो भन्नेतर्फ पनि सङ्केत गरेको देखिन्छ। ती आमैले आफ्नै दृष्टान्त दिँदै भनेकी छन् :

> उनीहरू चार र म गरीकन पाँच थिया। तीन छोरा, दुई छोरी जन्म्याँ। दश भया। मेरा पोइका चार भाइले एउटी-एउटी ब्या गरेका भयादेखि जोइपोइ गरी आठ हुन्या थिए। तिनका पाँच-पाँच होइन, चार-चार मात्र जन्म्या भया पनि छोर्‌छोरी जम्मा सोह्र हुन्या थिए। ... माउ-बच्चा गर्दा चौबीस। लगाएका खेतीले तीन महिना खान पुग्दोइन। चौबीस जना भयादेखिन् क्या हबिगत हुँदो हो ? के खाँदा हुन् ? पहिलादेखिन् एकले एक ब्या गर्‍या भया अहिलेसम्म कति गारो हुन्या थियो ? अन्न त के, माटो खान पनि पुग्न्या थियान। (कार्की, २०७८, पृ. ५८)

यसरी त्यस समाजमा विद्यमान बहुपति प्रथाको महत्त्वलाई दर्शाउने क्रममा त्यस क्षेत्रको उत्पादन, आर्थिक अवस्था आदिलाई मान्दै समाजले सहर्ष स्वीकार गरेको मात्र देखिँदैन; त्यो व्यवस्था नै उत्तम व्यवस्था हो भन्ने मान्यता रहेको पाइन्छ।

**विवाहका प्रकार**

बहुपति प्रथा रहँदै आएको नेपालको हिमाली जिल्ला हुम्लाको उत्तरी भेगमा एउटी नारीले एउटी आमाका धेरै छोरा छन् भने ती सबैलाई लोग्ने स्वीकार गर्नुपर्ने र ती सबै लोग्नेमान्छेले एउटी नारीलाई नै पत्नीका रूपमा स्वीकार गर्नुपर्ने प्रथा रहेको कुरालाई *द्रौपदी अवशेष* उपन्यासले प्रस्तुत गरेको पाइन्छ। एउटी नारीको धेरै लोग्नेमान्छेसँग हुने विवाह एकै प्रकारको नभएर भिन्नभिन्न तरिकाले हुन सक्छ भन्ने विषय उपन्यासमा अभिव्यक्त भएको पाइन्छ। उपन्यासमा उक्त क्षेत्रमा मूलतः पाँच तरिकाले विवाह हुने गरेको उल्लेख गरिएको छ। उक्त कुरा ग्याल्जनले दिग्विजयलाई सुनाएको छ। जसअनुसार कन्याका अभिभावकसँग मागेर गर्ने विवाह, आपसमा मन पराएर गर्ने प्रेम विवाह, अर्काकी श्रीमती भगाइ लाने र जारी तिर्ने विवाह, आफ्नी छोरी दिने र उताबाट छोराका लागि बुहारी ल्याउने साटासाट विवाह, जबर्जस्ती अनि चोरी विवाह (कार्की, २०७८, पृ. ३६) जस्ता विवाहका प्रकार हुन्छन्। यसरी ग्याल्जनका भनाइअनुसार हिमाली जिल्ला हुम्लाको उत्तरी भेगमा पाँच तरिकाले विवाह गर्ने प्रचलन रहेको पाइन्छ। ती प्रकारमध्ये उपन्यासमा मागी विवाहको प्रक्रियाको सविस्तार चित्रण पाइन्छ। प्रेम विवाहको दृष्टान्तका रूपमा उपन्यासकी मुख्य नारी पात्र पेमाको कथा देखापर्दछ। त्यसैगरी जारी विवाहको पनि उपन्यासमा सङ्केत पाइन्छ भने चोरी विवाहबारे पनि छोटो उल्लेख पाइन्छ परन्तु उपन्यासमा साटासाट विवाहबारे कुनै विशेष उल्लेख पाइँदैन।

***मागी विवाह***

उपन्यासले उत्तरी हुम्ला जिल्लामा विवाह गर्ने परम्परागत विधि प्रक्रियाका विषयलाई सविस्तार प्रस्तुत गरेको पाइन्छ। मुख्यतः मागी विवाह र भगाई विवाह गर्ने परम्परा रहेको उत्तरी हुम्लामा मागी विवाह गर्दा भौगोलिक विकटताका कारण अत्यधिक टाढा गई विवाह नगर्ने परम्परा रहेको विषयलाई प्रस्तुत गरिएको पाइन्छ। मागी विवाह गर्दा केटाको पक्षका तीनजना लोग्नेमान्छे केटीका घरमा जाने परम्परा रहेको देखिन्छ। केटीको घरकाले त्यो थाहा पाएर घरभित्र बोलाएमा प्रस्ताव स्वीकार भएको बुझिने, केटी माग्न आएको थाहा नपाएमा वा केटीको घरका मान्छे भेट नभएमा सगुनका रूपमा लिइआएको वस्तु घरबाहिर छोडी नजिकै छिमेकीकोमा बस्ने र यदि त्यो वस्तु घरभित्र प्रवेश गराएमा प्रस्ताव स्वीकार भएको मान्ने प्रचलन देखिन्छ। यसरी छोरी माग्न जाने प्रक्रियालाई रेले भनिन्छ भन्ने कुरा उपन्यासमा उल्लेख गरिएको पाइन्छ (कार्की, २०७८, पृ. ३५)। विवाहका निम्ति छोरी पक्षलाई वा केटीलाई करकाप गर्न नपाइने र नगरिने गरेको परम्परागत संस्कृति पनि विद्यमान रहेको देखिन्छ। विवाहको कुरा चलेपछि स्वीकृत भएमा बढीमा तीन वर्षमा र छिक खुवाएको एक वर्षभित्र पोइलीघर पठाउने चलन देखिन्छ (कार्की, २०७८, पृ. ५८)। मागी बिहे गर्दा जन्ती गएर बेहुली ल्याउने परम्परा रहेको सन्दर्भलाई उपन्यासले

प्रस्तुत गरेको पाइन्छ। आआफ्नो अवस्थाअनुसार सातजना वा एक्काइसजना जन्ती जाने परम्परा रहेको देखिन्छ। जन्ती जाँदा बेहुला नजाने, उसका आफन्तजनमात्र जाने परम्परा रहेको पाइन्छ। जन्तीको संख्या निश्चित हुनेहुँदा जन्ती जान पाउनु भाग्यको विषय मानिने गरेको कुरा उपन्यासमा उल्लेख गरिएको छ। जन्तीहरूले रातो बक्खु लगाउने चलन देखिन्छ। जन्तीमा संलग्न व्यक्तिहरूमध्ये सबैभन्दा पाको व्यक्तिलाई 'ह्ययारवोन' र सबैभन्दा कान्छोलाई 'डिपरुक्' भन्ने प्रचलन रहेको पाइन्छ। जन्तीलाई गाउँप्रवेश गर्ने ठाउँमा बाटो छेक्ने र जन्तीले 'थोबु लु' गाएपछि बाटो खोलिदिने प्रचलन रहेको कुरा वाङ्दीले दिग्विजयलाई एउटा विवाहमा सहभागी हुने क्रममा बताएको छ। क्रमशः प्रचलन अर्थात् त्यहाँको वैवाहिक संस्कृतिबारे दिग्विजयलाई वाङ्दी बताउँदै जान्छ। यदि जन्तीमा अन्य व्यक्ति संलग्न छन् भने स्वागत गर्ने क्रममा अन्य व्यक्ति अलग भई निर्धारित सात वा एक्काइस जनालाई खादा लगाएर स्वागत गरिने र विवाहस्थलमा प्रवेश गराइने गरेको उल्लेख पाइन्छ। क्रमशः ढोका, भऱ्याङ्, र जन्ती बस्ने ठाउँमा खाताह बाँधिने गरेको र जन्तीले 'लु' भनेर तिनलाई पन्छाउदै जाने परम्परा रहेको कुरा उपन्यासमा उल्लेख गरिएको पाइन्छ। जन्ती बस्ने स्थानमा पुगेपछि बीसजना जन्ती लस्करै बस्ने तर जन्तीमध्येको सबैभन्दा सानो (डिपरुक्) उभिनुपर्ने त्यहाँको संस्कृति देखिन्छ। बाँयातर्फ कालो बक्खु लगाएका सातजना दुलही पक्षका मान्छे बसेपछि मङ्गल गीत सुरु हुन्छ जसलाई 'टसी लु' भनिन्छ। पहिला दुलहा पक्षले र पछि दुलही पक्षले पालैपालो 'टसी लु' गाएपछि त्यो भाका बिसाउने र 'डेउ खाय लु' गाउने प्रचलन रहेको कुरा उपन्यासमा उल्लेख गरिएको पाइन्छ। यसमा एउटा पक्षको सवाल र अर्को पक्षको जवाफ हुन्छ। 'लु' को अन्त्य भएपछि पोइली अर्थात् बेहुला पक्षबाट ल्याइएका लुगा गहनाले सिंगारिएकी दुलही (पाङमा) लाई बोकेर बाहिर निकालिने चलन रहेको पाइन्छ भने त्यसपछि दुलहीलाई घिउ-टसी लाइदिएर उपहार दिने चलन रहेको कुरा उल्लेख गरिएको पाइन्छ। जन्ती फर्कने क्रममा समेत ढोका तथा भऱ्याङमा बाधा राख्ने र त्यसलाई फुकाउँदै निस्कनुपर्ने परम्परागत संस्कृति रहेको कुरा उपन्यासमा उल्लेख गरिएको छ। दुलहीलाई बेहुलाको घर बोकेर वा हिँडाएर दुवै तरिकाले जाने प्रचलन रहेको कुरा उल्लेख गरिएको छ। यसरी गरिने मागी विवाहअन्तर्गत यदि रेले भएपछि छोरी दिन तयार नभएमा लागेको खर्च तिर्नुपर्ने परम्परागत मान्यता रहेको देखिन्छ।

***प्रेम विवाह***

प्रेम विवाह भनेको केटाकेटीले एक अर्कालाई मन पराएर गर्ने विवाह हो। *द्रौपदी अवशेष* उपन्यासमा उत्तरी हुम्लामा प्रचलित विवाहको अर्को प्रकारका रूपमा रहेको प्रेम विवाह अर्थात् केटाकेटीले एकअर्कालाई मन पराएर गरिने विवाहको प्रचनलबारे पनि चर्चा गरेको पाइन्छ। यसलाई भागी विवाह समेत भन्ने गरेको पाइन्छ। यसप्रकारको वैवाहिक प्रक्रिया र त्यसका विविध विषय प्रस्तुत गर्न उपन्यासकार कार्कीले उपन्यासकी मुख्य नारी पात्र पेमालाई उपयोग गरेको पाइन्छ। विकासे योजना लिएर हुम्ला पुगेको दिग्विजय बस्ने घरकी छिमेकी र हुम्लामा बस्दा सबैभन्दा नजिक भएको सहयोगी ग्याल्जनले मन पराएकी नारीका रूपमा पेमा उपन्यासमा प्रस्तुत भएकी छ। मेला जाँदा एक आपसमा मन पराएर नुर्बुका साथ भागेर उसकी श्रीमतीका रूपमा नुर्बुको घरमा आएकी पेमाले भाग्ने बेलामा नुर्बु माइलो छोरा भए पनि उसको मात्र जोइ बन्ने सर्त राखेकी हुन्छे। पेमाले नुर्बुलाई राखेको सर्तका विषयमा ग्याल्जनले दिग्विजयलाई सुनाउँदै भनेको छ "म तमीसँग जान्या भया तर तम्रो मात्र जोई भै बस्न्या हुँ भन्या छ पेमाले। त्यतिबेला नुर्बुले हुन्छ, तमीले जेजस्तो भन्छ, त्यही हुन्या छ भनेर लिई आयाको" (कार्की, २०७८, पृ. ३१)। यसरी ससर्त नुर्बुसँग भागेर आएको भए पनि घरमा आएपछि पेमाले नुर्बुसँग राखेको सर्त नुर्बुकी आमाले स्वीकार गर्दिन। ऊ भन्छे- "चलन बिगार्न हुँदैन ...। जबर्जस्ती केही छैन ... बस्न्या भयादेखिन् जेठासाथ बिहे गर्छ, सबै भाइको जोई हुन्छा भन्छ" (कार्की, २०७८, पृ. ३१)। त्यस क्षेत्रमा विवाहसम्बन्धमा युवतीको स्वीकृतिबिना करकाप गर्न नपाइने संस्कार स्थापित रहेको र उक्त संस्कारलाई सबैले सम्मान गर्ने गरेको कुरा उपन्यासमा उल्लेख गरेको पाइन्छ। यसरी पेमाले सासुको सर्त स्वीकार नगरेमा कुनै प्रकारको दवाव नहुने र उसलाई सम्मानपूर्वक माइतीमा फर्काउने, तर यदि सर्त

मान्ने हो भने नुर्बुसँग बिहे नगरेर नुर्बुको दाजुसँग बिहे गर्नुपर्ने सामाजिक परम्परा, मूल्यमान्यता रहेको देखिन्छ। नुर्बुको जेठो दाजुसँग बिहे गरे पनि ऊ नुर्बु लगायत सबैकी श्रीमती हुने व्यवस्था रहेको देखिन्छ।

### *जारी तिरी गर्ने विवाह*

*द्रौपदी अवशेष* उपन्यासमा उत्तरी हुम्लामा जारी तिरी विवाह गर्ने प्रथाको बारेमा पनि उल्लेख गरेको पाइन्छ। यसप्रकारको विवाहअन्तर्गत यदि कुनै व्यक्तिले अर्काकी श्रीमती मन पराएर भगायो भने त्यसको क्षतिपूर्ति वापत उसले माग गरेको धन दिनुपर्ने सामाजिक संस्कृति विद्यमान रहेको पाइन्छ। यसप्रकार गरिने विवाह समाजमा स्वीकार्य रहे पनि भगाउन चाहने युवकले आफूमा जारी तिर्न सक्ने क्षमता रहे नरहेको कुरा ख्याल गर्नुपर्ने देखिन्छ। हुम्लामा विद्यमान यस प्रकारको विवाह संस्कृतिलाई प्रस्तुत गर्न उपन्यासका मुख्य नायक नायिकालाई प्रयोग गरिएको पाइन्छ। उपन्यासको नायक ग्याल्जन नुर्बुले प्रेम गरी आफ्नोमात्र श्रीमती बनाउछु भनी ल्याएको तर आमाको आदेशमा सबै भाइकी श्रीमती बनेकी उपन्यासकी मुख्य नारी पात्र पेमालाई अत्यधिक मन पराउँछ। ऊ पेमाको ख्याल गर्छ र उसका बारे चिन्ता गरिरहन्छ। दिग्विजयका अनुसार ऊ प्रसङ्गपिच्छे पेमाको कुरा निकालिरहन्छ, तर पेमालाई भगाएको खण्डमा नुर्बुको दाजुलाई आफूले तिर्नुपर्ने जारी तिर्ने क्षमता नभएकै कारण ऊ पेमालाई भगाउन डराउँछ। दिग्विजय विवाह गरी भित्र्याउँदा एउटी श्रीमतीलाई दिनुपर्ने उपहारको लागि पनि आफू असक्षम भएको बताउँछ। यसरी अर्काकी श्रीमती भगाउनेले घरमा पनि सल्लाह गर्नुपर्ने हुन्छ। घरसल्लाह नगरी भगाएमा घरमा लान पाइँदैन। त्यसको कारणलाई उपन्यासमा प्रस्तुत गर्दै भनिएको छ “अर्काकी जोइ ल्याएर जारी बोक्न सबै भाइ राजी हुन गाह्रे हुन्याछ” (कार्की, २०७८, पृ. ५९)। यसरी विचार नमिलेमा श्रीमती/बुहारीले अर्कोसँग भाग्ने परम्परागत संस्कृति रहेको र त्यसलाई समाजले सहज रूपमा स्वीकार गरेको देखिन्छ। यसरी प्रस्तुत उपन्यासले जारी तिरी अर्काकी श्रीमतीलाई भगाउने परम्परा रहेको सांस्कृतिक पक्षलाई कथानकसँगै जोडेर उठाएको पाइन्छ।

### *चोरी तथा अन्य विवाह*

उपन्यासमा चोरी विवाहका सम्बन्धमा धेरै चर्चा गरेको पाइँदैन। एक ठाउँमा प्रसङ्गवस ग्याल्जनले दिग्विजयलाई भनेको छ “हम्रामा चोरी ब्या चल्छ। तर टाउको घुमाउँदा केटी राजी भयान भने लाने बेला जबर्जस्ती भया पनि ब्या जबर्जस्ती हुँदोइन” (कार्की, २०७८, पृ. १७९)।

उपन्यासमा त्यस क्षेत्रमा हुने विवाहका अन्य विभिन्न प्रचलन समेत रहँदै आएको विषयमा समेत चर्चा गरेको पाइन्छ। धेरै लोग्नेका एकाधिक श्रीमती रहन सक्ने व्यवस्था देखिन्छ। यो व्यवस्था विशेषतः पहिलीतर्फ सन्तान नहुँदा उसकै सल्लाहमा गरिन्छ भने एक लोग्नेका दुई श्रीमतीसमेत यदाकदा देखिने गरेको कुरा उपन्यासमा ग्याल्जनले दिग्विजयलाई बताएको छ।

### **बहुपति प्रथा र सन्तानको पहिचान**

जेठो छोरासँग बिहे गरेपछि उसका सबै भाइ पनि उसका लोग्ने हुने व्यवस्था रहेको उत्तर हुम्लामा कतिपय भाइहरू भाउजूभन्दा निकै कम उमेरका हुँदा देखिनसक्ने समस्या र समाजले अवलम्बन गरेको त्यसको व्यवस्थापनलाई उपन्यासमा उल्लेख गरेको पाइन्छ। यदि देवरहरू नाबालक अवस्थामा छन् भने उनीहरू सोह्र वर्ष उमेर पुगेपछि मात्र लोग्नेका सम्बन्धका लागि योग्य हुने त्यस समाजको व्यवस्था र संस्कृति रहेको पाइन्छ। एकाधिक पति हुने श्रीमतीले लोग्नेहरूको चित्त कसरी बुझाउन सक्छन् भन्ने दिग्विजयको प्रश्नमा ग्याल्जनले दिएको उत्तरले उक्त समाज नारीका व्यवस्थामा केन्द्रित रहेकाले नारीले नै त्यो व्यवस्था मिलाउने गरेको कुरा उल्लेख गरेको पाइन्छ। हिमाली जिल्ला हुम्लाका गाउँमा प्रायः दुई पाइ हुने; व्यापार व्यवसाय लगायतका काममा बाहिर जानुपर्ने हुनाले प्रायः भाइहरू घरबाट बाहिर रहने हुँदा विशेष समस्या नरहने, घरमा धेरै

भाइ भेला भएको अवस्थामा श्रीमतीले त्यसको व्यवस्थापन गर्ने गरेको कुरालाई उपन्यासमा अभिव्यक्त गरेको पाइन्छ।

बहुपति प्रथा स्वीकार गरिएको समाजमा र विशेष त्यस्ता परिवारमा एकाधिक पति र तिनसँगको नियमित संसर्ग रहने हुँदा जन्मिएको सन्तान कसको हो भन्ने प्रश्न पनि जटिल देखिन्छ। परन्तु यस विषयमा पनि त्यस समाजले एकप्रकारको व्यवस्था स्थापना गरेको कुरा उपन्यासमा अभिव्यक्त गरेको पाइन्छ। यही प्रश्न दिग्विजयले राख्दा सामान्यतया आमा जसलाई बाबु हो भनी बताउँछे त्यो नै बाबु हुने व्यवस्था रहेको ग्याल्जन बताउँछ। साथै त्यस सम्बन्धमा बनाइएका व्यवस्थाका विषयमा ऊ भन्छ "पहिला जन्म्याको जेठोको; त्यसपछि माइलाको, साइँलाको गर्दै एकएक हिसाब लाउँछ कोही। कसैले महिनामहिनाको रगत गयापछि पहिला जोसँग बस्याको थिया, उसलाई बा अन्दाज पनि गर्दो छ। तर भन्ने बेला जेठालाई सबैले आपा-बा भन्या हो। अरुलाई काका" (कार्की, २०७८, पृ. ६४)। यसप्रकार बहुपछि प्रथा भएका क्षेत्रमा आफ्ना सन्तानहरू कुन लोग्नेको हो भनी पहिचान दिने कार्य मूलतः आमाबाट हुने गरेको देखिन्छ भने सबै सन्तानले आमाको जेठो लोग्नेलाई बा र अन्यलाई काका भन्ने गरेको पाइन्छ।

कुनै नारी बिहे गरेर घरमा आउँदा देवर यदि १६ वर्षको छैन भने ऊ लोग्ने नहुने र जुन दिन १६ पुग्छ त्यसदिन लोग्ने स्वीकार्नुपर्ने परम्परागत संस्कृति रहेको पाइन्छ। कतिपय अवस्थामा उमेरको बेमेल हुँदा त्यसलाई अस्वीकार गर्न चाहेको पाइन्छ। ग्याल्जन आफ्नी आमा बेलैमाथि बितेको र भाउजूले आमाको भूमिका निर्वाह गरी हुर्क्याएकाले आमाकै रूपमा हेरेको र त्यसलाई भाउजूले पनि सहज रूपमा स्वीकार गरेको बताउँछ तर भाउजू र देवर दुवैको सहमति नहुँदा भने त्यसमा समस्या उत्पन्न हुने कुरालाई उपन्यासमा यसरी व्यक्त गरिएको पाइन्छ "कोही देवरलाई भाउजू मन लागेन भने नराम्रो गऱ्याको मान्छ!" (कार्की, २०७८, पृ. ७१)। देवरले भाउजूलाई श्रीमती स्वीकार नगर्नुलाई नराम्रो मानेजस्तै भाउजूले देवरलाई लोग्ने स्वीकार नगर्नुलाई पनि राम्रो मानिदैन भन्ने कुरा उपन्यासमा अभिव्यक्त छ। पेमाको देवर १६ वर्ष पुगेको तर उसले स्वीकार नगर्दा सासुले भनेको अभिव्यक्ति "बर्खरको छ, झगडा मात्र गर्छ। चिडचिड गर्छ। मन नपरे छोडेर जानू, कर गरेर बस भनेका कसैले छैन" (कार्की, २०७८, पृ. ५९)। सबै भाइलाई लोग्ने मान्दा परिवारमा एकता कायम रहने हुँदा बरु घरै छोडेर जानुलाई उनीहरू सामान्य मान्दछन् परन्तु देवरलाई लोग्ने स्वीकार नगर्नुलाई सहज मान्दैनन् भन्ने कुरा पेमाका सासुको अभिव्यक्तिले स्पष्ट पारेको छ।

**संस्कृतिका अन्य सन्दर्भहरू**

*द्रौपदी अवशेष* उपन्यासले मूलतः उत्तरी हुम्लाको समाजले मान्यताका साथ स्वीकार गरेको परम्परा र संस्कृतिका रूपमा विकसित भएर आएका विविध सांस्कृतिक पक्षलाई प्रस्तुत गरेको छ। जसमध्ये मुख्य रूपमा बहुपति प्रथालाई प्रस्तुत गरेको पाइन्छ। उपन्यासको शीर्षकले पनि प्रस्तुत उपन्यासको मुख्य उद्देश्य यही रहेको विषयलाई सङ्केत गरेको पाइन्छ। बहुपछि प्रथा आफैमा वैवाहिक जीवनसँग सम्बन्धित रहेकाले उपन्यासमा उक्त क्षेत्रमा हुने विवाहका प्रकार र प्रकृतिबारे पनि सूचना प्रदान गरेको पाइन्छ। उपन्यासमा वैवाहिक सम्बन्धका साथसाथै प्रसङ्गवस अन्य विभिन्न सांस्कृतिक परम्पराका विषयमा समेत उल्लेख गरेको देखिन्छ। त्यस्ता परम्परा र संस्कृतिमध्ये केहीको विस्तारपूर्वक र केहीको संक्षेपमा चर्चा गरेको पाइन्छ।

*द्रौपदी अवशेष* उपन्यासले उत्तरी हुम्लामा अविवाहित नारीले जन्माएका सन्तानलाई समेत स्वीकार गरी सामाजिक स्वीकृति दिने गरेको विषयलाई प्रस्तुत गरेको देखिन्छ। यसरी अविवाहित नारीले जन्म दिएका सन्तानलाई 'न्येलु' भन्ने गरेको पाइन्छ। उक्त समाजमा न्येलु अर्थात् अविवाहित अवस्थामै नारीले सन्तान जन्माउने गरेको लामो परम्परा भएको कुरा ग्याल्जनको अभिव्यक्ति "बूढाबूढी मुन्छे पनि न्येलु छ" (कार्की, २०७८, पृ. १०४) बाट पुष्टि हुन्छ। उपन्यासमा ग्याल्जनकी दिदी अविवाहित रहेर नै सन्तान जन्माएकी नारीका रूपमा देखापर्दछे। उसैका प्रसङ्गबाट यस विषयको उठान गरिएको छ।

बिहे नगरी अन्य लोग्नेमान्छेसँग सम्बन्ध राख्ने नारीलाई 'सुर्मु' भनिने गरेको कुरा उल्लेख गर्दै उपन्यासमा त्यसरी जन्मेका सन्तानको व्यवस्थाबारे पनि उल्लेख गरिएको पाइन्छ । सुर्मुले आफ्नो छोरा कुन व्यक्तिको हो भन्ने कुरा बताइदिएमा उक्त व्यक्तिले आमाछोरालाई नै घर बनाएर खेती गर्ने जग्गा दिएर राख्ने गरेको कुरा उपन्यासमा उल्लेख छ । परन्तु यदि नसक्ने रहेछ भने उसले त्यस प्रकारको व्यवस्था नमिलाउने अवस्थाप्रति पनि सङ्केत पाइन्छ । ग्याल्जन भन्छ "सक्न्याले घर बनाएर पनि राखिदिन्छ । क्षम्ताअन्सार गर्छ । अंश दिन्छ । नसक्यासँग कति धन हुन्छ ?" (कार्की, २०७८, पृ. १०२) । ग्याल्जनको उक्त भनाइले आफ्नी सुर्मु र न्येलुलाई व्यवस्था मिलाइदिने काम क्षमताअनुसारको स्वैच्छिक हो भन्ने देखिन्छ । यस प्रकारको व्यवस्था यदि न्येलुको रूपमा छोरा जन्मियो भने गरिने र छोरी जन्मिएमा नगरिने परम्परागत संस्कृतिलाई पनि उपन्यासले सङ्केत गरेको देखिन्छ । दिग्विजयको जिज्ञासामा छोरी जन्मिएमा सम्पत्ति नदिने बताउँदै त्यस्ता युवतीको पनि बिहे हुन सक्ने र यदि बिहे नभएमा ती युवती पनि कुनै लोग्नेमान्छेको सुर्मु बनेर न्येलुलाई जन्म दिने गरेको विषय उपन्यासमा अभिव्यक्त गरिएको पाइन्छ । न्येलु जन्माउने आमाले उसका बाबुको परिचय नबताउन पनि सक्ने कुरा उपन्यासमा प्रस्तुत गरिएको पाइन्छ । यसरी अविवाहित नारीले जन्माउने सन्तान आमासँग मात्र बस्नुपर्ने सामाजिक व्यवस्था रहे पनि अविवाहित आमा र तिनका सन्तानलाई हेर्ने सामाजिक दृष्टिकोण सकारात्मक हुने कुरा ग्याल्जनले यसरी भन्छ :

> ब्या नभएर कसैको सुर्मु भयार न्येलु जन्माएर बसे पनि समाजले नराम्रो मान्दैन, हेला गर्दैन । त्यो जसलाई पनि पर्न सक्न्या हो । कोहीलाई नमाग्न्या सक्छ । कोही केटी आफै पनि ब्या गर्न मन गर्दैन । यसै बस्न मन गर्न्या पनि हुन्छ ।" (कार्की, २०७८, पृ. १०३)

जतिसुकै समाजले सहज रूपमा स्वीकार गर्छ भन्ने देखिए पनि न्येलुका रूपमा जन्मेका बच्चालाई विभेद गर्ने परम्परा र संस्कृति विकसित भएको कुरा उपन्यासमा अभिव्यक्त भएको पाइन्छ । उपन्यासमा दिग्विजयलाई सहयोगीका रूपमा कार्यालयबाट नियुक्त गरिएको वाङ्दी न्येलु हुन्छ । एउटा बिहेको प्रसङ्ग चलेको बेला दिग्विजयले उसलाई जन्ती गएका छौ? भनी प्रश्न गर्दा आफू नगएको बताउँदै "बाआमा दुइटै भयाकोलाई जन्तीमा लान राम्रो मान्छ" (कार्की, २०७८, पृ. १५१) भन्छ । रङलु केटा भेटेसम्म न्येलुलाई ज्वाइ बनाउन नचाहने गरेको विषय पनि उपन्यासमा उल्लेख भएको पाइन्छ । यसबाट निषेध नै नगरे पनि यथासम्भव न्येलुलाई विभेद गर्ने त्यस क्षेत्रको परम्परागत संस्कृतिको परिचय प्राप्त हुन्छ ।

उपन्यासमा प्रसङ्गवस उत्तरी हुम्लामा प्रचलनमा रहेका विविध सांस्कृतिक पक्षहरूलाई प्रस्तुत गरिएको पाइन्छ । यस्ता सांस्कृतिक विषयहरूमा घरको दैवीसंरचना एक महत्त्वपूर्ण पक्षका रूपमा देखापर्दछ । त्यस समाजमा घरको माथिल्लो तला स्वर्गलोक, बीचमा मनुष्यलोक र तल्लो तला यमलोकका रूपमा मानिने, घरको तल्लो तलामा नागपूजा गर्ने स्थान रहने गरेको कुरा त्यस क्षेत्रको सांस्कृतिक परम्परा रहेको पाइन्छ । छोरीलाई पढाउन हुँदैन भन्ने मान्यता रहेको पाइन्छ । मानसरोवरमा जानेहरूले ढुङ्गा चाँङ लगाएर घर बनाउने प्रचलन रहेको र त्यसरी बनाउनुलाई पछिका लागि घर बनाएको भन्ने मान्यता रहेकोले मानसरोवरमा ढुङ्गा चाङ लगाएर घर बनाउने संस्कृति रहेको पाइन्छ । मानसरोवरमा जानेहरूले पूजा गर्ने, हवन गर्ने, पितृका नाममा जल छोएर भेटी राखी सङ्कल्प गर्ने परम्परा रहेको विषयलाई पनि उपन्यासले उल्लेख गरेको पाइन्छ ।

प्रस्तुत उपन्यासले हुम्लाको उत्तरी क्षेत्र हिमाली वस्तीमा गरिने मृत्यु संस्कारबारे पनि प्रसङ्ग उठाएको पाइन्छ । मृत्यु भएपछि मान्छेको शरीरलाई टुक्रा पारेर पानीमा बस्ने जीवलाई खुवाउने परम्परा रहेको देखिन्छ । त्यसो गर्दा धर्म हुन्छ भन्ने त्यस क्षेत्रको सामाजिक मान्यता रहेको कुरा उपन्यासमा उल्लेख गरेको देखिन्छ । मान्छे मरेपछि लामाले फो गर्छ अर्थात् मरेकाको आत्मा सारिदिन्छ भन्ने मान्यता रहेको देखिन्छ । त्यस क्षेत्रमा मरेका मान्छेलाई जलाउने वा डाँडामा लगेर चरालाई खान दिने परम्परा समेत रहेको पाइन्छ । त्यसका साथै जमिनमा गाड्ने चलन पनि रहेको देखिन्छ । के गर्ने भन्ने विषयको मुख्य निर्णय लामाले गर्छ । यदि मरेको व्यक्ति पापी रहेछ भने चरालाई दिनु राम्रो हुँदैन भन्ने मान्यता रहेको कुरा उपन्यासमा अभिव्यक्त गरिएको पाइन्छ ।

मन्दिरमा बत्ती बाल्ने क्रममा बिजोर बत्ती बाल्नुपर्ने संस्कार रहेको देखिन्छ । एउटा गुम्बामा बत्ती बाल्न लाग्दा दिग्विजयलाई ग्याल्जनले भन्छ "जोडी होइन, बिजोडी बत्ती बाल सर । कि एक, कि तीन बत्ती बाल" (कार्की, २०७८, पृ. ६१) । त्यस क्षेत्रमा कुनै पनि आमाले आफ्नो जेठो छोरालाई गुम्बामा पठाएर लामा बनाउने संस्कृति रहेको कुरा ग्याल्जनले दिग्विजयलाई सुनाएको छ । विवाहमा दिइने दाइजो प्रथा ऐच्छिक रहेको र दिनेले चौरी याक दिने गरेको परम्पराका विषयमा पनि उपन्यासमा उल्लेख गरिएको पाइन्छ । उक्त क्षेत्रमा बालविवाहको सांस्कृतिक परम्परा समेत रहेको कुरा उपन्यासमा उल्लेख गरेको पाइन्छ । मान्छे बिरामी पर्दा धामी बसाउने संस्कृतिलाई पेमा बिरामी पर्दा धामी बसाएको घटनाबाट पुष्टि हुन्छ । सन्तान जन्मिएको एक वर्षमा ठालुक गरिने कुरा छोराको ठालुकमा ग्याल्जनले दिग्विजयलाई निम्ता गरेकोबाट स्पष्ट हुन्छ । ठालुकमा पूजा गर्ने र धामीले बच्चालाई सेतो गजिनोको भोटो पहिऱ्याउने संस्कृति रहेको देखिन्छ । त्यसपछि मन्त्रोच्चारण गर्दै अन्नका दाना शिरमा लगाएपछि पूजाविधि सम्पन्न हुनेगर्छ । निम्तामा जानेहरूले बालकलाई कोसेलीका रूपमा लुगा र नभए पैसा दिने संस्कृति रहेको उल्लेख गरेको देखिन्छ । छोरा एक वर्ष हुँदा धुमधामले गरिने ठालुक छोरी वर्षकी हुँदा भने नगरिने कुरा दिग्विजयलाई ग्याल्जन बताउँछ । त्यस क्षेत्रमा विदाइमा खादा लगाइदिने सांस्कृतिक परम्परा रहेको पाइन्छ । त्यस क्षेत्रमा घरज्वाइँ बनाउने संस्कृति रहेको विषय समेत उल्लेख गरिएको पाइन्छ । यसप्रकार *द्रौपदी अवशेष* उपन्यासले उत्तरी हुम्लाको सांस्कृतिक विविधतालाई प्रस्तुत गरेको पाइन्छ ।

**निष्कर्ष**

*द्रौपदी अवशेष* उपन्यासलाई सांस्कृतिक उपन्यास भनिएको छ । यो उपन्यासले हिमाली जिल्ला हुम्लामा रहेका केही सांस्कृतिक पक्षलाई प्रस्तुत गरेको छ । मूलतः उत्तरी हुम्लालाई परिवेश बनाएको उपन्यासले महाभारत कालमा द्रौपदीले पाँच (सबै) भाइ पाण्डवलाई पति स्वीकार गरेजस्तै नेपालको उत्तरी हुम्लामा हालसम्म पनि विद्यमान रहेको विषयलाई सङ्केत गरेकाले त्यसैलाई लक्षित गरी उपन्यासको शीर्षक *द्रौपदी अवशेष* रहन गएको हो । त्यसकारण यहाँ 'अवशेष' शब्दले महाभारतकी द्रौपदीले अवलम्बन गरेको प्रथाको अवशेष भन्ने अर्थ वहन गरेको छ । एक घरमा जति भाइ छोरा भए पनि जेठोले बिहे गर्ने र अन्य भाइले भाउजूलाई नै पत्नी स्वीकार गर्नुपर्ने संस्कृति रहेको कुरा उपन्यासमा प्रस्तुत गरिएको छ । यस प्रथाले परिवारमा विखण्डन नल्याउने, सम्पत्ति टुक्रा पार्नु नपर्ने हुनाले नै यो प्रथालाई त्यस समाजले विशेष महत्त्व दिँदै आएको छ भन्ने कुरा उपन्यासमा प्रस्तुत गरिएको छ । संस्कृतिको एउटा व्यवस्थाले र त्यसमा देखिने कुनै जटिलतालाई त्यसै व्यस्थाअनुकूल हुने गरी विकसित गर्ने परम्पराअनुसार त्यस समाजमा सबै भाइ घरमा नबस्ने; यदि बस्नुपर्ने अवस्था आएमा तिनसँग श्रीमतीले गर्ने व्यवहार (विशेषतः शारीरिक सम्बन्ध र रात्री शयन) का विषयमा पत्नीको निर्णय चल्ने कुरालाई उपन्यासले प्रस्तुत गरेको छ । देवर सोह्र वर्ष नपुग्दासम्म लोग्ने नहुने र सोह्र वर्ष पुगेपछि लोग्नेको मान्यता पाउने सामाजिक व्यवस्था रहेको उक्त क्षेत्रमा देवरले भाउजूलाई वा भाउजूले देवरलाई पत्नीका रूपमा स्वीकार नगर्नुलाई राम्रो मानिँदैन भन्ने कुरा उपन्यासमा प्रस्तुत गरिएको छ; तर यदि दुवैको सहमति भएमा त्यो स्वीकार्य हुने सांस्कृतिक परम्परा रहेको कुरा उल्लेख छ । मागी विवाह गर्दा माग्न जाने, जन्ती जाने परम्परा रहेको कुरालाई उल्लेख गरेको उपन्यासमा तीनजना माग्न र सात वा एक्काइसजना जन्त जाने तर दुलहा नजाने सांस्कृतिक परम्परा रहेको कुरा उपन्यासमा वर्णन गरिएको छ । जन्तीले निभाउने भूमिकाका बारेमा उपन्यासले स्पष्ट उल्लेख गरेको छ । उक्त क्षेत्रमा प्रेम विवाह, भागी विवाह, जारी विवाह, साटी विवाह, चोरी विवाहको संस्कृति रहेको कुरा उपन्यासमा उल्लेख छ । विवाह नगरी लोग्नेमान्छेसँग शारीरिक सम्बन्ध राख्ने नारीलाई सुर्मु र उसले जन्माएका सन्तानलाई न्येलु भनिन्छ । त्यस्ता सम्बन्धलाई समाजले सहज रूपमा स्वीकार गर्ने परम्परागत संस्कृति रहेको कुरा उपन्यासले प्रस्तुत गरेको छ । त्यस्ता सन्तानलाई उसका बाबुले व्यवस्था मिलाइदिनुपर्ने स्वैच्छिक व्यवस्था रहेको कुरा समेत उपन्यासमा वर्णित छ । उपन्यासमा त्यस क्षेत्रको मृत्युसंस्कारका विभिन्न स्वरूपका बारेमा पनि

उल्लेख गरिएको छ भने छोरा एक वर्षको पुग्दा गरिने संस्कार ठालुकबारे पनि उल्लेख छ । यसका साथै प्रसङ्गले प्रस्तुत भएका घरको संरचना, बिजोर बत्ती बाल्ने वा बाल्नुपर्ने, जेठो छोरालाई गुम्बा पठाउने कुराका साथै बहुपतिका स्त्रीले पाएका सन्तानलाई बाबुको परिचय दिने अधिकार आमामा हुने कुरा उपन्यासमा बताइएको छ। बाबुको परिचय दिने विभिन्न आधार भए पनि सबैले जेठालाई बा र अन्यलाई काका भन्ने परम्परागत संस्कार देखिन्छ । मान्छे बिरामी हुँदा धामी लगाउने उक्त क्षेत्रको परम्परागत संस्कृतिलाई उपन्यासमा प्रस्तुत गरिएको छ । अतः हुम्ला जिल्लामा युगौँदेखि संस्कृतिका रूपमा विद्यमान बहुपति प्रथा र वैवाहिक प्रक्रियाका साथै त्यससँग जोडिएर आउने पारिवारिक सम्बन्धका अनेक व्यवस्थाहरूको सांस्कृतिक परम्परालाई ज्यादै प्रभावकारी रूपमा प्रस्तुत गरिएको छ । उपन्यासमा त्यस समाजमा विद्यमान अन्य विभिन्न संस्कृतिलाई समेत प्रस्तुत गरिएको छ। उत्तरी हुम्लाको सांस्कृतिक पक्षलाई प्रस्तुत गरेको उपन्यास *द्रौपदी अवशेष* सांस्कृतिक उपन्यासका रूपमा महत्त्वपूर्ण रहेको छ।

**सन्दर्भग्रन्थसूची**

उप्रेती, सञ्जीव (२०७८). *सिद्धान्तका कुरा* दोस्रो संस्क.. बुकहिल पब्लिकेसन ।

गौतम, लक्ष्मणप्रसाद (२०६७). 'उत्तरआधुनिक समालोचनामा कृति विश्लेषणका पद्धति र प्रारूप' *भृकुटी.* १० माघ-फागुन-चैत्र, पृ. ३८४-३९८ ।

कार्की, नीलम 'निहारिका' (२०७८). *द्रौपदी अवशेष.* साङ्ग्रिला पुस्तक प्रा.लि. ।

*नेपाली बृहत् शब्दकोश* (२०६७). सातौँ संस्क.. नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पौड्याल, एकनारायण (२०७०). *समालोचनाको स्वरूप र पद्धति.* विमर्श नेपाल ।

प्रसाद, गायत्री (सन् २०००). *सांस्कृतिक भूगोल.* शारदा पुस्तक भवन ।

भट्टराई, गोविन्दराज (२०७१). *उत्तरआधुनिक विमर्श* दोस्रो संस्क.. ओरिएन्टल पब्लिकेसन ।

शर्मा, मोहनराज (२०७८). *समालोचनाको नयाँ कोण.* ओरिएन्टल पब्लिकेसन ।

सुवेदी, अभि (२०७६). 'सांस्कृतिक समालोचनाको सैद्धान्तिक विकास'. *रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड.* रत्नपुस्तक भण्डार ।

सुवेदी, राजेन्द्र (२०७३). *सांस्कृतिक अध्ययन र नेपाली साहित्य.* पाठ्यसामग्री पसल ।